TULSSAA Journal
Vol. 13 Issue No. 1, August 2026
DOI- https://doi.org/10.3126/tulssaa.v13i1.98611
TULSSAA, Nepal

नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनका आधारभूत पक्ष

उमानाथ शर्मा, पीएच.डी.
unsharma24@gmail.com
उपप्राध्यापक
दुर्गाप्रसाद दाहाल, पीएच.डी.
123durgadahal@gmail.com
उपप्राध्यापक
हेरम्बराज बास्तोला, पीएच.डी.
herambarajb@gmail.com
शिक्षण सहायक
त्रिभुवन विश्वविद्यालय
महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ

लेखसार

नेपाली प्राज्ञिक लेखनको सन्दर्भ व्यवस्थापनमा एकरूपता देखिँदैन । यस सम्बन्धी आधारभूत पक्षमा देखिएको अन्योल र अस्पष्टता नै यस अध्ययनको समस्या हो । नेपाली प्राज्ञिक लेखनका लागि पाठभित्र र अन्त्यको सन्दर्भ व्यवस्थापनसम्बन्धी आधारभूत पक्षमा सर्वेक्षण तथा छलफलबाट सहमतिका आधारमा स्पष्ट मार्गनिर्देशिका निर्माण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । यसका लागि प्रश्नावलीमार्फत् विद्यमान अभ्यासको सर्वेक्षण र समूह छलफलमा आधारित क्रमिक बहुआयामिक अनुसन्धान विधि अपनाइएको छ । सन्दर्भ व्यवस्थापनसम्बन्धी नेपाली प्राज्ञिक लेखनमा विद्यमान प्रयोगसँग सम्बन्धित दस्तावेजहरूको अध्ययन, ६१ जनाको सहभागी सर्वेक्षण र २२ जना सहभागीहरू बिचको समूह छलफलबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ । यस सन्दर्भमा यस अध्ययनमा नेपाली प्राज्ञिक लेखनमा नेपाली, हिन्दी र अङ्ग्रेजी माध्यमका प्रचलित प्रकारका स्रोतको सन्दर्भ व्यवस्थापनमा विद्यमान अभ्यास र व्यावहारिक जटिलताका आधारमा नेपाली भाषा अनुकूल सन्दर्भ व्यवस्थापनका आधारभूत नियमहरू प्रस्ताव गरिएको छ । प्रस्तुत लेखको निष्कर्ष स्वरूप अघि सारिएको प्रस्तावले नेपाली प्राज्ञिक लेखनको सन्दर्भ व्यवस्थापनमा एकरूपता, शुद्धता र पारदर्शिता प्रवर्धन तथा शोधार्थी, अनुसन्धानकर्ता र प्राज्ञिक समुदायलाई गुणस्तरीय प्राज्ञिक लेखनमा सहयोग पुऱ्याउने छ ।

मुख्य शब्दहरू : नेपाली प्राज्ञिक लेखन, सन्दर्भाङ्कन, सन्दर्भ प्रविष्टि, सन्दर्भ स्रोत, सन्दर्भ सूची ।

विषयप्रवेश

नेपाली भाषाको प्राज्ञिक लेखनको सन्दर्भ व्यवस्थापनमा एकरूपताको अभाव देखिएकाले यस विषयको अध्ययनप्रति चासो र प्रेरणा उत्पन्न भएको हो । नेपाली प्राज्ञिक लेखनमा केही अनुसन्धानकर्ताले गैरनेपाली माध्यम विशेष गरी अङ्ग्रेजी स्रोतका सामग्री उद्धृत गरी तिनको सन्दर्भ स्रोतको प्रस्तुति गर्दा अङ्ग्रेजी भाषा प्रयोग नगरी देवनागरी लिपिमा रूपान्तरण गरेको पाइयो । यस किसिमको अभ्यासले उद्धृत स्रोतको पहिचान, अनुगमन तथा प्रमाणीकरण गर्न र भावी अनुसन्धाताहरूका लागि वास्तविक स्रोतसम्मको पहुँचमा असहजता हुने देखिन्छ । हार्ट्ले (सन् २००८) का अनुसार प्राज्ञिक लेखनमा सन्दर्भाङ्कन गर्नु भनेको बौद्धिक इमानदारी कायम राख्दै अरूको बौद्धिक योगदानको सम्मान गर्ने तथा सन्दर्भ स्रोतको स्पष्ट मार्ग प्रदान गर्ने कार्यमा पालन गर्नै पर्ने अत्यावश्यक इमान्दारी हो । सन्दर्भाङ्कन गर्नु अनुसन्धानकर्तामा प्राज्ञिक नैतिकताको द्योतक समेत हो । यस किसिमको आचार पालन गर्नसक्दा विद्वत् समुदायका बिच सम्मान र सहकार्यको वातावरण सिर्जना हुन्छ । अनुसन्धानमा सन्दर्भ व्यवस्थापन मार्गनिर्देशिकाले पाठभित्रको सन्दर्भाङ्कन र सन्दर्भ सूचीको प्रस्तुति र व्यवस्थापनमा एकरूपता, शुद्धता एवम् पारदर्शिता कायम गर्न सहयोग पुग्छ ।

अङ्ग्रेजी प्राज्ञिक लेखनको क्षेत्रमा अमेरिकन साइकोलजिकल एसोसिएसन (एपिए, सन् २०१०, सन् २०२०, मि.अ.), रसेल र अन्य (सन् २०१०) तथा शर्मा र अन्य (सन् २०२३) जस्ता सन्दर्भ व्यवस्थापनसम्बन्धी मार्गनिर्देशिकाहरू उपलब्ध छन् । यस्ता मार्गनिर्देशिकाको उपलब्धताले प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनमा एकरूपता कायम गर्न सहज भएको छ । नेपाली प्राज्ञिक लेखनका क्षेत्रमा भने सन्दर्भ व्यवस्थापनका आधारभूत नियममा समेत स्पष्ट र सर्वस्वीकार्य मार्गनिर्देशिकाको अभाव रहेको देखिन्छ । यस किसिमको अभावले नेपाली प्राज्ञिक लेखनका क्षेत्रमा पनि सन्दर्भ व्यवस्थापनको स्पष्ट मापदण्ड सहितको मार्गनिर्देशिकाको आवश्यकता देखिएको छ । नेपाली भाषाको प्राज्ञिक लेखनमा धेरै अनुसन्धानकर्ताहरू (विशेषतः स्नातकोत्तर,

दर्शनाचार्य र विद्यावारिधिका शोधार्थीहरू) का लागि सन्दर्भ व्यवस्थापनका क्रममा आइपर्ने कठिनाइको निवारण होस् भन्ने हेतुले यो अनुसन्धानात्मक लेख तयार पारिएको हो। नेपाली प्राज्ञिक लेखनका लागि पाठभित्र र अन्त्यको सन्दर्भ व्यवस्थापन सम्बन्धी आधारभूत नियममा सहमतिको खोजी गरी प्राप्त सहमतिका आधारमा आवश्यक मार्गनिर्देशिका निर्माण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो। यो उद्देश्य प्राप्तिका लागि सर्वप्रथम नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनसम्बन्धी एपिए सातौँको अवधारणाको प्रयोगसँग सम्बन्धित सामग्रीहरूको अध्ययनका आधारमा तयार पारिएको प्रश्नावलीका माध्यमबाट तथ्य सङ्कलन र विश्लेषण गरी एउटा निष्कर्षमा पुगिएको थियो। त्यसपछि उक्त निष्कर्षमाथि समूह छलफल गरी अन्तिम निष्कर्षमा पुगिएको छ। यसका लागि नेपाली प्राज्ञिक लेखनमा संलग्न अनुसन्धानकर्ता, सम्बन्धित विषय विज्ञ तथा नीतिनिर्माताहरूलाई सहभागी गराइएको थियो।

पूर्वकार्यहरूको पुनरावलोकन

नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनका आधारभूत नियम सम्बन्धी अध्ययनहरू सीमित मात्रामा उपलब्ध छन्। उपलब्ध अध्ययनहरूमा पनि स्पष्ट एकरूपताको अभाव देखिन्छ। श्रेष्ठ (२०७९) द्वारा नेपाली प्राज्ञिक लेखनमा प्रयोग हुने एमएलए र एपिए छैटौँ संस्करणका प्रतिवेदन तथा सन्दर्भाङ्कनका ढाँचालाई केही उदाहरणसहित प्रस्तुत गरिएका छन्। यस कृतिबाट नेपाली भाषाको प्राज्ञिक लेखनमा मार्गदर्शन हुनसक्ने देखिन्छ। यति हुँदाहुँदै पनि यसमा उल्लेख गरिएको ढाँचा र विश्वविद्यालयहरूले निर्देश गरेका संस्थागत मानकसँग पूर्ण रूपमा तादात्म्य रहन सकेको छैन।

यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय (सन् २०२०) द्वारा नेपाली भाषामा लेखिने स्नातकोत्तर तहका शोधपत्रका लागि एपिए छैटौँ संस्करणमा आधारित औपचारिक मार्गनिर्देशिका उपलब्ध गराइएको देखिन्छ। यसमा निर्देशित प्रावधानभन्दा श्रेष्ठ (२०७९) द्वारा प्रस्तावित ढाँचामा सन्दर्भ, संरचना, विरामचिह्नको प्रयोग र सन्दर्भ स्रोत प्रस्तुतिको शैलीमा ठूलो भिन्नता देखिन्छ। यसले नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनका लागि सर्वस्वीकार्य मानक निर्माण नभएको देखिन्छ। यसरी एकरूपताको अभावका कारण अनुसन्धानकर्ताहरू द्विविधामा पर्ने गरेको यथार्थ छर्लङ्ग हुन्छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र सङ्कायका दर्शनाचार्य तथा विद्यावारिधि तहका अनुसन्धानकर्तालाई एपिए सातौँ संस्करणअनुसार सन्दर्भ व्यवस्थापन गर्न निर्देशन गरिएको छ। यसका लागि कुनै पनि सरोकारवाला निकायबाट आधिकारिक रूपमा तयार पारिएको साझा र औपचारिक मार्गनिर्देशिका हालसम्म उपलब्ध छैन। नेपाली भाषाको प्राज्ञिक लेखनमा अङ्ग्रेजी लेखनका लागि तयार पारिएको एपिए सातौँ संस्करणले निर्धारण गरेको ढाँचा हुबहु मिलाउने कुरा सम्भव देखिँदैन। लेखक मिति पद्धति, विराम चिह्न, इटालिक तथा सन्दर्भ स्रोतको प्रस्तुतीकरण जस्ता विषयलाई कसरी एपिए सातौँलाई नेपाली भाषाको प्राज्ञिक लेखनमा अनुकूलन गर्ने भन्ने विषयमा अझै प्रस्टताको अभाव छ।

एपिए सातौँ संस्करणको ढाँचाअनुसार नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनसम्बन्धी अध्ययनहरूमा घोडासैनी (२०७९), पोखरेल (सन् २०२३) र पोख्रेल (२०७९) उल्लेखनीय देखिन्छन्। घोडासैनी (२०७९) द्वारा एपिए सातौँ संस्करणका सिद्धान्तहरूलाई अङ्ग्रेजी प्राज्ञिक लेखनकै ढाँचामा नेपाली भाषाका प्राज्ञिक लेखनमा पनि लागू गर्न सकिने दावी प्रस्तुत गरिएको पाइन्छ। नेपाली प्राज्ञिक लेखनका परम्परागत मौलिक अभ्यासहरूलाई यसमा पर्याप्त रूपमा समेटिएको देखिँदैन। यस विपरीत पोखरेल (२०२३) द्वारा नेपाली प्राज्ञिक लेखनमा व्यवहारमा देखिने सन्दर्भ व्यवस्थापनका मौलिक अभ्यासहरूको विवरण प्रस्तुत गरिए तापनि सन्दर्भ व्यवस्थापनको मानकीकरणका लागि आवश्यक र आधिकारिक आधार प्रस्तुत हुन सकेको छैन। त्यसैगरी, पोख्रेल (वि.सं. २०७९) द्वारा नेपाली र संस्कृत प्राज्ञिक लेखनमा अनुसन्धान विमर्शको सन्दर्भमा एपिए सातौँ संस्करणको उल्लेख गरिएको देखिन्छ। यसमा पनि उद्धरणसम्बन्धी व्यावहारिक जटिलतामाथि केन्द्रित भई विस्तृत विश्लेषण हुनसकेको देखिँदैन।

समग्रमा, हालसम्म उपलब्ध सामग्रीहहरूले नेपाली प्राज्ञिक लेखनको सन्दर्भ व्यवस्थापनका आवश्यकता परिपूर्तिमा केही योगदान दिएका भए पनि नेपाली प्राज्ञिक लेखनका क्षेत्रमा उपयुक्त, नेपाली भाषा अनुकूल र संस्थागत रूपमा स्वीकृत आधारभूत नियमको अझै अभाव देखिन्छ। पूर्वकार्यको पुनरावलोकनबाट अनुभूत यो रिक्तता परिपूर्तिका लागि प्रस्तुत अनुसन्धानको औचित्य र प्राज्ञिक महत्त्व स्पष्ट हुन्छ।

अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापन सम्बन्धी आधारभूत पक्षमा एकरूपता निर्माण गर्ने उद्देश्यमा केन्द्रित छ। सो उद्देश्य प्राप्तिका लागि तथ्यहरू सङ्कलनका क्रममा तीन चरणीय क्रमिक अनुसन्धान ढाँचा अपनाइएको छ। यसअन्तर्गत क्रमशः कृतिहरूका समीक्षा, सर्वेक्षण र समूह छलफल विधि प्रयोग गरिएको छ ।

पहिलो चरणमा नेपाली प्राज्ञिक लेखनमा प्रचलित सन्दर्भका प्रकारको पहिचान गरी वर्गीकरण गर्न सुरुमा उद्देश्यपूर्ण रूपमा सङ्कलित त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत सन् २०२० र सन् २०२४ बिच उपाधि हासिल गरेका नेपाली शिक्षा विषयका चारवटा विद्यावारिधि शोधप्रबन्धहरू (आचार्य, २०८१; घिमिरे, २०७६; राई, २०७९ र शर्मा, २०८१) को सन्दर्भ सूची अध्ययन गरिएको थियो। त्यसपछि सन्दर्भ व्यवस्थापनसँग सम्बन्धित एपिए (सन् २००८, सन् २०१०, सन् २०२०), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय (सन् २०२०), श्रेष्ठ (२०७९), घोडासैनी (२०७९), पोखरेल (सन् २०२३) र पोखरेल (२०७९) जस्ता नेपाली तथा अङ्ग्रेजी कृतिहरूको समीक्षाका आधारमा नेपाली प्राज्ञिक लेखनमा प्रचलित स्रोतको सन्दर्भ व्यवस्थापन सम्बन्धी प्रारम्भिक निर्देशिका तयार पारिएको थियो।

पहिलो चरणमा तयार पारिएको प्रारम्भिक मार्गनिर्देशिकाको आधारमा दोस्रो चरणमा प्रयोग गरिने सर्वेक्षण प्रश्नावलीको मस्यौदा तयार पारिएको थियो । उक्त मस्यौदालाई थप परिमार्जन र प्रमाणीकरण गर्न उद्देश्यपूर्ण रूपमा छनोट गरिएका तीन जना विशेषज्ञ र दुई जना प्राविधिक सहयोगीसँग तीन घण्टे परामर्श बैठक आयोजना गरी उनीहरूका टिप्पणी र सुझावका आधारमा आवश्यक संशोधन गरी प्रश्नावलीको अन्तिम रूप दिइएको थियो ।

विषयवस्तुको बोधगम्यतालाई प्रवर्धन गर्न प्रश्नावलीका प्रत्येक प्रश्नहरूलाई यथासम्भव अङ्ग्रेजीमा समेत प्रस्तुत गरिएको थियो । प्रश्नावलीमा सहभागीहरूको छोटो परिचयात्मक विवरण माग गर्नका साथै नेपाली प्राज्ञिक लेखनमा नेपाली, हिन्दी र अङ्ग्रेजी माध्यमका स्रोतहरुको सन्दर्भ व्यवस्थापनसम्बन्धी आधारभूत नियमहरू समावेश गरी तिनमा सहमति वा असहमति जनाउन सहभागीहरूलाई अनुरोध गरिएको थियो । सहभागीहरूको असहमति रहेको अवस्थामा कारणसहित सुझाव दिन भनिएको थियो । प्रश्नावलीले पाठभित्रका र अन्त्यका सन्दर्भ व्यवस्थापनसम्बन्धी सामान्य नियमहरू समेटेको थियो ।

उल्लिखित सर्वेक्षण प्रश्नावलीलाई गुगल फाराममार्फत पठाएर ग्र्याजुयट स्कुल अफ एजुकेसनअन्तर्गतका दर्शनाचार्य र विद्यावारिधिका शोधार्थी तथा प्राध्यापक गरी ८९ जनालाई फाराम भरी सहभागिता जनाउन अनुरोध गरिएको थियो । यसमा जम्मा ६१ जना (६८.५४%) ले फाराम भरी सहभागिता जनाएका थिए । केही दर्शानाचार्यका शोधार्थीले आफ्नो पढाइ बिचमै छाडेका, हाम्रो तथ्याङ्क सङ्कलन गर्ने विधि गुगल फाराममा सीमित रहेको तथा केही व्यक्तिलाई पटक पटक अनुरोध गर्दा पनि उनीहरूले गुगल फाराम नभरेकाले प्रतिक्रिया दर यतिमा सीमित भएको हुनसक्छ । सङ्कलित तथ्यहरू आवृत्ति र प्रतिशतका आधारमा विश्लेषण गरी प्रारम्भिक मार्गनिर्देशिकालाई परिमार्जन गरिएको थियो ।

तेस्रो चरणमा सर्वेक्षणका आधारमा तयार पारिएको परिमार्जित मार्गनिर्देशिका माथि प्रश्नावलीको चरणमा संलग्न व्यक्तिहरूमध्येबाट उद्देश्यपूर्ण रूपमा छनोट गरिएका व्यक्तिहरूसँग समूह छलफल आयोजना गरिएको थियो । यस छलफलको उद्देश्य नेपाली प्राज्ञिक लेखनमा सन्दर्भ व्यवस्थापनका विभिन्न पक्षहरूबारे विस्तृत प्रतिक्रिया सङ्कलन गर्नु र त्यसका आधारमा निर्देशिकालाई थप परिमार्जन गरी अन्तिम रूप दिनु थियो । यस छलफलमा निमन्त्रणा गरिएका ३३ जनामध्ये २२ जना उपस्थित भएका थिए, जसमा ग्र्याजुयट स्कुल अफ एजुकेसनअन्तर्गतका प्राध्यापक तथा दर्शनाचार्य र विद्यावारिधिका शोधार्थीहरूको प्रतिनिधित्व भएको थियो ।

उक्त छलफलमा समेटिएका ५५ वटा बुँदाहरूमध्ये २० वटा बुँदाहरू सन्दर्भ व्यवस्थापनका आधारभूत नियमसँग सम्बन्धित थिए । छलफलको क्रममा प्रत्येक बुँदा क्रमशः प्रस्तुत गरी सहभागीबाट प्राप्त टिप्पणी, सुझाव तथा तर्कहरू अभिलेख गरिएको थियो । सबैले आफ्नो पालो प्रयोग गरेपछि मात्र पुनः बोल्न पाउने व्यवस्था गरिएको थियो । यस छलफललाई सहभागीहरू साझा सहमतिमा नपुगेसम्म जारी राखिएको थियो । प्राप्त सुझावका आधारमा सन्दर्भ व्यवस्थापनका आधारभूत नियमहलाई थप परिमार्जन गरी अन्तिम रूप दिइएको थियो ।

अनुसन्धानका दुवै चरणमा सहभागीहरूलाई पूर्णतः स्वेच्छिक रूपमा संलग्न गराइएको थियो । सहभागीको गोपनीयता र सम्मानलाई सुनिश्चित गरी अध्ययनका निष्कर्षहरू सत्यनिष्ठ र पारदर्शी रूपमा प्रस्तुत गरिएका छन् ।

नतिजा विश्लेषण तथा छलफल

यहाँ तीनै चरणको अध्ययन पश्चात प्राप्त सन्दर्भ व्यवस्थापनका आधारभूत नियमलाई विभिन्न शीर्षक अन्तर्गत बुँदागत रूपमा प्रस्तुत गरी तिनको विश्लेषण र छलफल गरिएको छ ।

सन्दर्भ स्रोतको छनोट

सन्दर्भ सामग्रीहरू सोचविचारपूर्वक छनोट गर्नुपर्छ । अनुसन्धानमूलक लेख लेख्दा प्रयोगमा आएका स्रोतहरू मात्र समावेश गर्नुपर्छ । प्रयोग नभएका वा अप्रासाङ्गिक कृतिहरू समावेश नगरी आवश्यक स्रोतहरू मात्र राख्दा शुद्धता, पारदर्शिता र शैक्षिक इमानदारी कायम हुन्छ । यो नियम सर्वेक्षणबाट सर्वस्वीकार्य भई समुह छलफलबाट प्राप्त पृष्ठपोषणका आधारमा सामान्य भाषागत परिमार्जन गरी प्रस्तुत गरिएको हो । यसको प्रारम्भिक रुप र सर्वेक्षणको प्रतिक्रिया चित्र नं. १ मा प्रस्तुत गरिएको छ ।

चित्र १. *सन्दर्भको सोचविचारपूर्ण छनोटप्रति सहभागीको प्रतिक्रिया*



चित्र १ को अङ्ग्रेजी अंशबाट एपीए (सन् २०२०) ले पनि यही कुरा सिफारिस गरेको छ भन्ने देखाउँछ। यस प्रावधानप्रति देखिएको पूर्ण सहमतिले अनुसन्धानकर्ता र विज्ञहरूका बिच नैतिक तथा सान्दर्भयुक्त उद्धरणका अभ्यासप्रति उच्च सचेतना रहेको देखिएको छ।

सन्दर्भाङ्कन र सन्दर्भ सूचीमा सङ्गति

पाठमा उद्धृत गरिएका प्रत्येक कृति सन्दर्भ सूचीमा पनि अनिवार्य रूपमा समावेश हुनुपर्छ र सन्दर्भ सूचीमा रहेका प्रत्येक कृति पाठभित्र पनि उद्धृत हुनुपर्छ। यसरी पाठ र सन्दर्भ सूचीबिच आपसी सम्बन्ध कायम गर्दा प्रयोगमा नआएका कृति अनावश्यक रूपमा समावेश हुँदैनन्। यो नियमको प्रारम्भिक रुप र त्यसप्रति सर्वेक्षणमा सहभागीको प्रतिक्रिया चित्र २ मा प्रस्तुत छ। चित्र २ अनुसार यो नियम सहभागीको बहुमत (९६.७%) बाट पारित भएको देखिन्छ। यसलाई छलफलबाट समेत पारित गराई भाषागत परिमार्जन गरी अन्तिम रूप दिइएको हो। यो नियम पनि एपिए (सन् २०१०, सन् २०२०) को अवधारणासँग मेल खान्छ।

चित्र २. *सन्दर्भहरू बिचको एकरुपताप्रति सहभागीको प्रतिक्रिया*



सन्दर्भहरूमा लेखकका थर र मितिमा सङगति

सन्दर्भ सूचीका लेखकको थरको हिज्जे र प्रकाशन मिति पाठभित्रका सन्दर्भाङ्कनसँग हुबहु मिल्नुपर्छ। यो नियमको प्रारम्भिक रुप र त्यसप्रति सहभागीको प्रतिक्रिया चित्र ३ मा प्रस्तुत छ। यो नियमको समर्थनमा सहभागीको बहुमत (९५.१%) भएको देखिन्छ। प्रस्तावमा असहमति जनाउदै एक सहभागीले एपिए सातौँ संस्करणअनुसार गरिने अभ्यासमा लेखकको पूरा नामभन्दा पनि थरको हिज्जेमा एकरूपता कायम गर्न विशेष जोड दिएका थिए। उनको यो सुझाव एपिए सातौँ संस्करणका प्रावधानसँग स्पष्ट रूपमा मेल खाने भएकाले असहमत सहभागी (४.९ %) को मत समावेश गरी छलफलबाट

समेत पारित भएपछि भाषागत परिमार्जन गरी अन्तिम रूप दिइएको हो। यो नियम पनि एपिए (सन् २०२०) को अवधारणासँग मेल खान्छ। उदाहरणका लागि पाठभित्रको सन्दर्भाङ्कनमा 'घिमिरे (२०७६)' उल्लेख गरिएको छ भने सन्दर्भ सूचीमा आउने थरको हिज्जेसमेत 'घिमिरे' नै हुनुपर्छ।

चित्र ३. *सन्दर्भहरूमा लेखकका थर र मितिको एकरूपता*



सन्दर्भ सूचीको वर्णानुक्रम

सन्दर्भ सूचीलाई पहिलो लेखकको थरको आधारमा वर्णानुक्रममा मिलाउनुपर्छ। प्रस्तावित यस प्रावधानमा ६१ जना उत्तरदातामध्ये प्रायः सबैले सन्दर्भ सूची पहिलो लेखकको थरका आधारमा वर्णानुक्रममा व्यवस्थित गर्नुपर्ने कुरामा सहमति जनाएका छन्। एक जना सहभागी (१.६%) असहमति जनाए पनि खास कारण र सुझाव दिएको पाइएन। यसलाई समूह छलफलमा प्रस्तुत गर्दासमेत सामान्य भाषागत परिमार्जन बाहेक अन्य विरोधाभास देखिएन जुन नियम एपिए (सन् २०१०, सन् २०२०) सँग पनि हुबहु मेल खान्छ।

चित्र ४. *सन्दर्भ सूचीको वर्णानुक्रमिक व्यवस्था*



लेखक विहीन सन्दर्भको वर्णानुक्रम व्यवस्थापन

लेखक नदिइएको अवस्थामा, कृतिको शीर्षकलाई अगाडि ल्याई सन्दर्भहरू शीर्षकको पहिलो शब्दको आधारमा वर्णानुक्रममा मिलाउनुपर्छ। बहुसङ्ख्यक (९५.१%) उत्तरदाताले लेखक उल्लेख नभएको अवस्थामा सन्दर्भलाई शीर्षकको पहिलो शब्दका आधारमा वर्णानुक्रममा राख्नुपर्ने कुरामा सहमति जनाएका छन्। यसमा तीन जना सहभागी (४.९%) ले असहमति व्यक्त गरेका छन्। असहमत सहभागीहरूका टिप्पणीमा वैकल्पिक अभ्यासहरूले प्रकाशकलाई जिम्मेवार मान्दै शीर्षकसँगै प्रकाशकलाई प्राथमिकता दिने, वा 'लेखक अज्ञात' भनेर सुरु गरी त्यसपछि मिति र शीर्षक राख्ने सुझाव थिए तर यसले थप अन्योल सिर्जना हुनसक्ने देखिएकाले बहुमतको सहमति, विद्यमान अभ्यास र एपिए सातौँ संस्करणसँगको तादात्म्यलाई ख्याल गरी प्रावधानलाई यसरी प्रस्ताव गरिएको समूह छलफलको निष्कर्षका आधारमा निष्कर्षमा पुगिएको हो।

चित्र ५. *लेखक नभएका सन्दर्भहरूको वर्णानुक्रम अनुसार व्यवस्था*



असहमत विचारलाई समेत दृष्टिगत गर्दा कुनै कृतिमा लेखकलाई स्पष्ट रूपमा 'अज्ञात' भनेरै देखाइएको भए पाठ भित्रको उद्धरणमा लेखकको नामको सट्टामा 'अज्ञात' प्रयोग गर्ने प्रावधान हुनु उपयुक्त हुने देखिएको छ।

एउटै लेखकका कृतिहरूको क्रम

यदि एउटै लेखकका धेरै कृतिहरू उद्धृत गरिएका छन् भने सन्दर्भ सूचीमा तिनीहरूलाई प्रकाशन वर्षका आधारमा कालानुक्रमिक क्रममा मिलाउनुपर्छ। उत्तरदातामध्ये प्रायः सबैले एउटै लेखकका धेरै कृतिहरू सन्दर्भाङकन गर्दा प्रकाशन वर्षका आधारमा कालानुक्रमिक रूपमा मिलाउनुपर्ने कुरामा सहमति जनाएका छन्। यसमा एक सहभागी (१.६%) ले असहमति व्यक्त गरेका छन्। असहमत सहभागीका तर्फबाट एकै वर्षमा एउटै लेखकका धेरै कृतिहरू सन्दर्भाङ्कन गर्नुपर्दा प्रकाशन वर्षपछि क, ख, ग जस्ता अक्षरहरू थप्नुपर्ने सुझाव आएको थियो। यस सुझावलाई उपयुक्त ठानी एउटै लेखकका एउटै वर्षमा प्रकाशित एकभन्दा बढी कृतिहरू एउटै लेख वा प्रतिवेदनमा प्रयोग हुँदा वर्षपछि क, ख, ग जस्ता विभेद सूचक अक्षरहरू प्रयोग गर्ने प्रावधान समावेश गरिएको छ। एपिए (सन् २०२०) को प्रावधान अनुकुल र नेपाली मौलिकतासमेत समावेश गरिएको यो बुँदा समूह छलफलबाट समेत सर्वसम्मत भएको हो।

चित्र ६. *एउटै लेखकका कृतिहरूको कालानुक्रमिक व्यवस्था*



सन्दर्भ सूचीमा ह्याङ्गिङ इन्डेन्ट

उत्तरदातामध्ये अत्यधिक बहुमतले सन्दर्भ सूची 'ह्याङ्गिङ इन्डेन्ट' प्रयोग गरेर मिलाउनुपर्ने कुरामा सहमति जनाएका छन्, जसअनुसार प्रत्येक सन्दर्भको पहिलो हरफ बाँयातर्फ सिधै मिलाइन्छ र त्यसपछिका हरफहरू ०.५ इन्च भित्रतर्फ सारिन्छन् (चित्र ७ मा देखाइएझैं)। केवल दुई सहभागी (३.३%) ले असहमति जनाउँदै १ इन्च इन्डेन्ट हुनुपर्ने वा लेखकको थरपछि मात्र अर्को हरफ सुरु गर्नुपर्ने जस्ता सुझाव दिएका छन्। यस्ता टिप्पणीहरू पर्याप्त तर्कमा आधारित दिखएन र एपिए (सन् २०२०) को निर्देशिकाबारे केही प्रावधानसँग पनि खाने देखिएन। यस सवालमा प्रश्नावलीकै प्रावधानमा लगभग सर्वसम्मति रहेको थियो देखिनुले अधिकांश उत्तरदाता सन्दर्भसूचीमा ०.५ इन्चको ह्याङ्गिङ इन्डेन्ट प्रयोग गर्ने मानक अभ्याससँग परिचित छन् र त्यसलाई व्यवहारमा अपनाइरहेका छन् भन्ने देखिएको छ। समूह छलफलमा पनि यस अभ्यासलाई निरन्तरता दिनु नै उपयुक्त हुने निष्कर्ष प्राप्त भएको

थियो। बरु, 'ह्याङ्गिङ इन्डेन्ट' शब्दका सट्टामा उपयुक्त विकल्प नेपाली भाषाबाट खोज्ने आवश्यकता औँल्याइएको थियो। तत्कालको छलफलबाट यही विकल्प उपयुक्त हुन्छ भनी टुङ्गो लाग्न नसकेकाले प्राविधिक शब्दको नेपाली रूपान्तरणको आवश्यकता स्वीकार गर्दै हाल प्रचलनमा रहेको यही शब्दका आधारमा व्यवहार गर्ने सहमति भएको हो।

चित्र ७. *सन्दर्भ सूचीमा ह्याङ्गिङ इन्डेन्ट*



सन्दर्भ सूचीमा हरफ अन्तराल

सन्दर्भ सूचीको हरफ अन्तराल मुख्य पाठमा प्रयोग गरिएका अन्तरालसँग मिल्नुपर्छ। अधिकांश (९३.४%) उत्तरदाताले सन्दर्भ सूचीका हरफबिचको दूरी मुख्य पाठसँग मिल्नुपर्छ भन्ने कुरामा सहमति जनाएका छन्, भने चित्र ८ मा देखाइएझैँ ४ जना सहभागी (६.६%) ले मात्र असहमति व्यक्त गरेका थिए। असहमत सहभागीहरूमध्ये तीन जनाले सन्दर्भ स्रोत खण्डमा मूल भागमा भन्दा कम हरफ अन्तराल राख्दा धेरै सामग्री र सन्दर्भहरू समेट्न सहज हुने सुझाव दिएका थिए। तर, समग्र सहमति र एपिए सातौँ को निर्देशअनुसार सबैतिर हरफ अन्तराल समान कायम गर्ने प्रावधान नै उपयुक्त हुन्छ भन्ने पक्ष बलियो देखिएको थियो। समूह छलफलमा सन्दर्भ सूचीलाई मितव्ययी बनाउनलाई यो अन्तराल घटाउन सकिन्छ भन्ने सुझाव प्राप्त भएको थियो। जस्तै, पाठको हरफ अन्तराल २ वा १.५ भए पनि सन्दर्भ सूचीको हरफ अन्तराल जम्मा १ हुनसक्छ भन्ने तर्क पनि सार्थक नै देखिएकाले नेपाली प्राज्ञिक लेखनमा यस प्रावधानमा लचिलो व्यवस्था रहनु उपयुक्त हुने देखिएको छ।

चित्र ८. *सन्दर्भ सूचीमा हरफ अन्तराल*



सन्दर्भ प्रविष्टिमा आवश्यक जानकारी

सन्दर्भ सूचीको हरेक प्रविष्टिमा लेखक(हरू), प्रकाशन वर्ष, शीर्षक, प्रकाशक, सम्पादक, र पृष्ठसङ्ख्या जस्ता आवश्यक विवरणहरू समावेश हुनुपर्छ, जसको स्वरूप स्रोतको प्रकार अनुसार फरक पर्न सक्छ। जस्तै, जर्नल लेख र पुस्तक अंशमा पृष्ठसङ्ख्या उल्लेख गरिन्छ भने पुस्तकमा पृष्ठसङ्ख्या समावेश गरिँदैन । चित्र ९ मा देखाइएझैँ प्रायः सबै उत्तरदाताले प्रत्येक सन्दर्भ प्रविष्टिमा स्रोतको प्रकारअनुसार फरक पर्न सक्ने भए पनि लेखक(हरू), प्रकाशन वर्ष, शीर्षक, प्रकाशक, सम्पादक तथा पृष्ठसङ्ख्या जस्ता आधारभूत विवरणहरू समावेश हुनुपर्ने सँगसँगै जर्नल लेख र पुस्तक अंशजस्ता

स्रोतको प्रकार अनुसार फरक पर्न सक्छ भन्ने कुरामा सहमति जनाएका छन्। केवल दुई जना सहभागी (३.३%) ले असहमति जनाए पनि ठोस तर्क दिएका छैनन्। सहभागीहरूको लगभग सर्वसम्मति, समूह छलफलको स्वीकृति र एपिएको प्रावधान समेतलाई आधार मानी विद्यमान प्रावधान नै उपयुक्त रहेको निष्कर्षमा पुगिएको छ ।

चित्र ९. *सन्दर्भ प्रविष्टिमा आवश्यक जानकारी*



सन्दर्भ सूचीमा लेखक र सम्पादकको पूरा नाम

सन्दर्भ सूचीमा नेपाली माध्यमका स्रोतका लेखक र सम्पादकका नाम सङ्क्षिप्त नभई पूरा लेख्नुपर्छ। उत्तरदाताहरूमध्ये एक जनाबाहेक सबैले नेपाली माध्यमका स्रोतहरूका लेखक तथा सम्पादकका नामहरू सन्दर्भ सूचीमा पूर्ण रूपमा लेखिनुपर्छ भन्ने कुरामा सहमति जनाएका छन्। चित्र १० मा देखाइएअनुसार केवल एक जना सहभागी (१.६%) ले असहमति जनाए पनि कुनै तर्क प्रस्तुत गरेका छैनन्। यस्तो लगभग सर्व सम्मतिबाट यो प्रावधान यस रूपमा प्रस्ताव गरिएको छ। यो प्रावधान भने एपिए (सन् २०२०) को प्रावधानभन्दा केही फरक वा नेपाली मौलिकता समेटिएको प्रावधानका रूपमा रहेको छ।

चित्र १०. *सन्दर्भ सूचीमा लेखक र सम्पादकको पूरा नाम*



सन्दर्भ सूचीमा लेखकहरूको नामको क्रम

लेखकको चिनारी 'थर, बाँकी नाम' को रूपमा राख्नुपर्छ । उत्तरदातामध्ये अत्यधिक बहुमतले सन्दर्भसूचीमा प्रत्येक लेखकको चिनारीमा थर पहिले र त्यसपछि नाम राखी, बिचमा अल्पविराम (,) प्रयोग गरेर लेख्नुपर्छ भन्ने कुरामा सहमति जनाए जस्तै: दाहाल, दुर्गाप्रसाद (२०८१),। चित्र ११ मा देखाइएअनुसार दुई जना सहभागी (३.३%) मात्र असहमत देखिए, जसले यसको सट्टा डट (.) वा '।' प्रयोग गर्नुपर्ने टिप्पणी गरेका थिए। यस्तो सुझाव

प्राप्त भएको भए पनि समग्र सहमति भने सन्दर्भ प्रविष्टिमा थर र नाम छुट्याउन अल्पविराम प्रयोग गर्नेमा नै रह्यो। यो चलन नेपाली लेखनमा कायम रहेकाले र समूह छलफलमा पनि यही प्रावधानमा सहमति देखिएकाले यस प्रावधानला नै कायम राख्नु उपयुक्त मानिएको हो ।

चित्र ११. *सन्दर्भ सूचीमा लेखकहरूको नामको क्रम*



सन्दर्भ सूचीमा धेरै जना लेखकहरू छुट्याउन अर्धविराम र संयोजकको प्रयोग

सन्दर्भ सूचीमा धेरै जना लेखकहरूलाई छुट्याउन अर्धविराम (;) प्रयोग गर्नुपर्छ र अन्तिम लेखकको अगाडि 'र' संयोजक राख्नुपर्छ, जसले बारम्बार प्रयोग हुने अल्पविराम (,) बाट हुने भ्रम कम गर्छ। जस्तैः

राई, नोवल किशोर; राई, मनोज; पौड्याल, नेत्र प्रसाद; शिकोवस्की, रोबेर्ट; विकल, बल्थाजार; स्टल, सबिने; ग्यान्स्ले, मार्टिन; बन्जाडे, गोमा; राई, इच्छा पूर्ण; भट्ट, तोयानाथ; साउप्पे, सेबास्टियान; राई, रिखी माया; राई, जनक कुमारी; राई, लास कुमारी; राई, दुर्गा बहादुर; राई, गणेश; राई, दयाराम; राई, दुर्गा कुमारी; राई, अनिता; राई, चन्द्र कुमारी; राई, शान्ति माया; राई, रबिन्द्र कुमार; पेटीग्रु, जुडी र डिक्सीमायर, टीको (२०६७), *छिन्ताङ शब्दकोश तथा व्याकरण*, छिन्ताङ भाषा अभिलेखीकरण कार्यक्रम।

उत्तरदातामध्ये अधिकांशले धेरै लेखकलाई छुट्याउँदा अर्धविराम (;) प्रयोग गर्ने र अन्तिम लेखकअघि 'र' राख्ने विधिले बारम्बार प्रयोग हुने अल्पविरामका कारण उत्पन्न हुने अन्योल कम गर्ने कुरामा सहमति जनाए। चित्र १२ मा देखाइएअनुसार सात जना सहभागी (११.५%) असहमत देखिए, जसमा पाँच जनाले अल्पविराम नै पर्याप्त वा उपयुक्त हुने भन्दै, लेखक खण्ड समाप्त भएपछि डट (.) वा '।' प्रयोग गर्नुपर्ने सुझाव दिएका थिए। केहीले अन्य उदाहरणहरूमा अर्धविरामको प्रयोग असङ्गत भएको प्रश्न पनि उठाउँदै अल्पविराम नै मानक रहेकोमा जोड दिएका थिए। यद्यपि स्पष्टताका लागि अर्धविराम प्रयोग गर्ने पक्षमा बहुमत देखियो र समूह छलपलमा समेत यही बहुमत अवधारणालाई मानिनु पर्ने सुझाव आयो। यस सम्बन्धमा माथि उल्लिखित प्रावधान कायम गर्दा एपिए (सन् २०२०) को अवधारणामा नेपाली मौलिकताले स्थान पाउने देखिएको छ। यस सन्दर्भमा व्यक्त भएका भिन्न मतले पनि नेपाली सन्दर्भ व्यवस्थापनको अभ्यासमा मानकीकरणका लागि थप छलफलको आवश्यकता रहेको दखिएको छ।

चित्र १२. *सन्दर्भ सूचीमा धैरै जना लेखकहरू छुट्याउन अर्धविराम र संयोजकको प्रयोग*



पुस्तक अंशको सन्दर्भ सूचीमा सम्पादकको नामको ढाँचा

नेपाली प्राज्ञिक लेखनमा, पुस्तक अंशको सन्दर्भ सूचीमा सम्पादकको नाम थरको क्रमलाई परिवर्तन नगरी जस्ताको तस्तै लेखिन्छ। त्यसले धैरै जना सम्पादक भएमा उनीहरूको नामलाई अल्पविराम (,) ले छुट्याई अन्तिम सम्पादकको अघि 'र' राख्नुपर्छ। जस्तै,

भट्टराई, शरदचन्द्र शर्मा (२०६०), प्राथमिक कालको गद्याख्यान, चूडामणि बन्धु (सम्पा.), *नेपाली साहित्यको इतिहास* (पृ. २३४–२८४), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

योन्जन-तामाङ, अमृत (२०७२), ताम्बा दर्शन, दिनेशराज पन्त र विष्णु प्रभात (सम्पा.), *दर्शनावली* (भोल. ३, पृ. ७०–१३५), नेपाल प्रज्ञा-प्रतिष्ठान।

उत्तरदातामध्ये अधिकांशले नेपाली प्राज्ञिक लेखनमा पुस्तकका खण्डहरूमा सम्पादकहरूको नाम लेख्दा थर र नामको क्रम परिवर्तन नपर्ने, स्वाभाविक क्रममा लेख्नुपर्ने, धैरै सम्पादक हुँदा अल्पविराम (,) प्रयोग गरेर छुट्याउने र अन्तिम सम्पादकअघि 'र' राख्ने विधिमा सहमति जनाएका थिए। चित्र १३ मा देखाइए जस्तै केवल दुई जना सहभागी (३.३%) असहमत देखिए, जसमा एक जनाले एपीए शैलीअनुसार (थर, नाम) उल्टो क्रममा लेख्दा अन्तर्राष्ट्रिय अभ्याससँग एकरूपता कायम हुने गलत टिप्पणी गरेका थिए। यद्यपि अत्यधिक मत र समूह छलफलमा भएको सहमति समेतका आधारमा नेपाली सन्दर्भ लेखनमा सम्पादकको नाम र थर स्वाभाविक क्रममा नै उलेख गर्नु उपयुक्त हुने ठानिएको छ। यो प्रावधान एपिए (सन् २०२०) केहि हदसम्म मेल खान्छ।

चित्र १३. *पुस्तक अंशको सन्दर्भ सूचीमा सम्पादकको नामको ढाँचा*

In Nepali academic writing, when listing a book section in the reference list, each editor's name is written in natural order (not reversed). Therefore, no comma is used between the forename and surname. When there are multiple editors, their names are separated by commas, with 'र' used before the final editor.

(नेपाली प्राज्ञिक लेखनको सन्दर्भ सूचीमा पुस्तकको खण्ड राख्दा प्रत्येक सम्पादकको नाम उल्टो नभई जस्ताको तस्तै लेखिन्छ। त्यसैले नाम र थरका बीचमा अल्पविराम (comma) प्रयोग गरिँदैन। यदि एकभन्दा बढी सम्पादक भएमा उनीहरूको नामलाई अल्पविरामले छुट्याइन्छ र अन्तिम सम्पादकको अघि 'र' प्रयोग गरिन्छ।)

Example: उप्रेती, अरुणा (२०७८), स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न डाक्टर, नर्स र अस्पतालमा उपलब्ध स्वास्थ्य सेवा मात्रै सबै थोक होइनन्, सावित्री गौतम, कैलाश राई र प्रत्यूष वन्त (सम्पा.), *समानताको रिले दौड* (पृ. १०९–१३०), मार्टिन चौतारी ।



सन्दर्भ सूचीमा तत्त्वहरू छुट्याउन अल्पविरामको प्रयोग

नेपाली प्राज्ञिक लेखनमा, नेपाली माध्यमका स्रोतहरूको सन्दर्भ सूचीमा विभिन्न जानकारी दिने तत्त्वहरू छुट्याउन अल्पविराम (,) प्रयोग गर्नुपर्छ। तर लेखकको नाम र कोष्ठकभित्रको प्रकाशन वर्षबिच कुनै चिन्ह राखिदैन। जस्तै,

गौतम, बासुदेव (सन् २०१४), शिक्षाशास्त्र सङ्कायमा सञ्चालित सेमेस्टर प्रणालीको समस्या र समाधान, *शिक्षक जर्नल,* १७(१), ४२४–४३६।
शर्मा, उमानाथ (२०७०), *सफल अन्तर्वार्ताको तयारी : शिक्षक पदका लागि लिइने अन्तर्वार्ताको विशेष सन्दर्भमा तयार पारिएको*, सनलाइट पब्लिकेशन।

उत्तरदातामध्ये अधिकांशले अङ्ग्रेजी माध्यमका स्रोतहरूको सन्दर्भसूचीमा डट (.) को सट्टा अल्पविराम (,) प्रयोग गर्नु नेपाली प्राज्ञिक लेखनमा उपयुक्त हुने कुरामा सहमति जनाए। चित्र १४ मा देखाइएअनुसार नौ जना (१४.८%) सहभागी भने यस प्रावधानमा असहमत देखिए, जसमा आठ जनाले अल्पविरामको सट्टा पूर्णविराम (.) वा '।' प्रयोग गर्नुपर्ने टिप्पणी गरेका थिए। उनीहरूको तर्कअनुसार डटको प्रयोगले लेखक खण्डजस्ता अंशहरूको समाप्ति जनाउँछ, लेख शीर्षक र जर्नल नामजस्ता विभिन्न घटकहरू छुट्याउन सहयोग पुर्‍याउँछ र एपीए मार्गदर्शनसँग पनि मेल खान्छ। यद्यपि नेपाली अभ्यासमा अल्पविराम प्रयोगकै प्रचलन रहेको कुरामा बहुमतले स्वीकार्य मानेको छ। यी भिन्न मतहरूले स्पष्टता तथा अन्तर्राष्ट्रिय मानकसँग एकरूपता कायम गर्न डटको प्रयोग राख्ने कि नराख्ने भन्ने विषयमा थप बहसको आवश्यकता रहेको देखाएको छ।

चित्र १४ .सन्दर्भ सूचीमा तत्त्वहरू छुट्याउन अल्पविरामको प्रयोग



सन्दर्भ सूचीमा 'पूर्ण विराम'को प्रयोग

नेपाली प्राज्ञिक लेखनमा नेपाली माध्यमका स्रोतहरूको सन्दर्भ सूचीको प्रत्येक प्रविष्टिको अन्त्यमा पूर्णविराम (।) को प्रयोग गरिन्छ । यदि कुनै प्रविष्टि DOI वा URL मा अन्त्य हुन्छ भने, पूर्णविराम त्यसको अघि राखिन्छ। जस्तै,

यादव, योगेन्द्र प्रसाद र रेग्मी, भीम नारायण (२०५८), *भाषा विज्ञान*, न्यू हिरा बुक्स इन्टरप्राइजेज, ।
श्रेष्ठ, जीवन (सन् २०२२), नेपाली उपन्यासमा रचना–प्रक्रियाको विषयकरण, नुटा जर्नल, ९(१-२), १३९–१५१ । https://doi.org/10.3126/nutaj.v9i1-2.53855

उत्तरदातामध्ये अधिकांशले नेपाली प्राज्ञिक लेखनमा पूर्णविरामका रूपमा प्रयोग हुने अङ्ग्रेजी डट (.) को सट्टा '।' (पूर्णविराम) प्रयोग गर्नु स्वीकार्य हुने कुरामा सहमति जनाए । चित्र १५ मा देखाइएअनुसार आठ जना सहभागी (१३.१%) असहमत देखिए, उनिहरूले अल्पविराम प्रयोग गर्नुपर्ने सुझाव दिएका थिए । पूर्णविराम '।' वाक्यको अन्त्यमा मात्र प्रयोग गर्नुपर्ने उनिहरूको तर्क थियो । केहीले एपीएमा डट (.) प्रयोग अनिवार्य रहेकोमा जोड दिएका थिए भने केहीले '।' हेर्दा आकर्षक नदेखिने बताएका थिए । यद्यपि यस्ता भिन्न दृष्टिकोणहरूका बिच समूह छलफलमा पनि अधिकांश सहभागीले पूर्णविराम नै राख्नु उपयुक्त हुनेमा जोड दिएकाले सन्दर्भ सूचीमा डटको सट्टा पूर्णविराम '।' प्रयोग गर्ने प्रचलन सामान्य रूपमा स्वीकार्य मानिएको छ ।

चित्र १५. *सन्दर्भ सूचीमा 'पूर्ण विराम'को प्रयोग*



सन्दर्भ सूचीमा लेखकहरूको सङ्ख्या

एपीए (सन् २०२०) का अनुसार सन्दर्भ सूचीमा अधिकतम २० जना लेखकको नाम समावेश गर्न सकिन्छ । नेपाली प्राज्ञिक लेखनमा २० भन्दा बढी लेखक भएको कृति बिरलै पाइन्छ तापनि सबै लेखकहरूको योगदान स्वीकार गर्न सबै लेखकको नाम लेख्नु उपयुक्त मानिन्छ (हे. नियम १२ को उदाहरण) । एपीए (२०२०) अनुसार सन्दर्भसूचीमा अधिकतम २० जनासम्म लेखकहरूको नाम समावेश गर्ने गरिन्छ। नेपाली प्राज्ञिक लेखनमा भने प्रायः सबै लेखकहरूको योगदानलाई मान्यता दिन सबैका नाम उल्लेख गर्नु उपयुक्त ठानिन्छ । यस प्रनवधानमा १४ जना सहभागी (२३%) असहमत

देखिएका थिए। जसमा धेरैले एपिएको प्रचलन नै अनुसरण गर्नु उचित हुने वा लेखकहरूको सङ्ख्या सीमित (जस्तै: तीन वा चार जनासम्म) राखी लामो सूचीका लागि पाठभित्र र कोष्ठकभित्रका उद्धरणमा 'र अन्य' प्रयोग गर्नुपर्ने सुझाव दिएका थिए। उनीहरूको टिप्पणीमा व्यवहारिकता, स्थान व्यवस्थापन, पठनीयता तथा अन्तर्राष्ट्रिय एकरूपता कायम राख्ने पक्षमा चिन्ता व्यक्त व्यक्त भएको देखिन्थ्यो। यति हुदाहुदै पनि अधिकांश उत्तरदाताले सबै लेखकहरूको नाम समावेश गर्ने पक्षलाई समर्थन गरेकाले यहाँ सो पक्ष समावेश गरिएको छ। अन्य प्रावधानका तुलनामा यसमा असहमत हुनेको सङ्ख्या पनि धेरै देखिएकाले एकरूपताका लागि थप बहस आवश्यक देखिएको छ।

चित्र १६. *सन्दर्भ सूचीमा लेखकहरूको सङ्ख्या*



सन्दर्भाङ्कनमा सङ्क्षिप्त रूपको प्रयोग

नेपाली प्राज्ञिक लेखनको सन्दर्भाङ्कनमा निम्न सङ्क्षिप्त रूपहरू प्रयोग गर्न सकिन्छ। जस्तैः अनुवादक(हरू) =अनु. (सन्दर्भ सूचीमा), पृष्ठ(हरू) = पृ. (सन्दर्भ सूचीमा), मिति अज्ञात = मि. अ. (पाठभित्रको सन्दर्भाङ्कन र सन्दर्भ सूची दुबैमा), संस्करण = संस्क. (सन्दर्भ सूचीमा), सम्पादक(हरू) = सम्पा. (सन्दर्भ सूचीमा), हेर्नुहोस् = हे. (पाठभित्रको सन्दर्भाङ्कनमा)।

नेपाली प्राज्ञिक लेखनमा सन्दर्भसूचीमा संस्क. (संस्करण), सम्पा. (सम्पादक/सम्पादकहरू), अनु. (अनुवादक/अनुवादकहरू), मि. अ. (मिति अज्ञात) र पृ. (पृष्ठ/पृष्ठहरू) जस्ता संक्षेप रूपहरू प्रयोग गर्न उपयुक्त मानिन्छ। चित्रमा देखाइएजस्तै अधिकांश उत्तरदाताले यस अभ्यासमा सहमति जनाए भने दुई जना सहभागी (३.३%) असहमत देखिए। उनीहरूको टिप्पणीमा एक पृष्ठका लागि 'पृ.' र धेरै पृष्ठका लागि 'पृपृ.' प्रयोग गर्नुपर्ने तथा उद्धरणमा 'ले.' (लेखक) र 'हे.' (हेर्नुहोस्) जस्ता अन्य संक्षेप रूपहरू थप्नुपर्ने सुझाव दिइएको थियो। समूह छलफल समेतको समग्र निष्कर्षअनुसार प्रस्तावित संक्षेप रूपहरूमा उच्च स्तरको स्वीकार्यता देखिएको छ। उत्तरहरूको आधारमा 'हे.' (हेर्नुहोस्) लाई संक्षेप रूपमा समावेश गर्न सकिने खेखिन्छ भने 'ले.' (लेखक) आवश्यक देखिँदैन, किनकि 'लेखक' शब्द उद्धरणमा प्रयोग हुँदैन।

चित्र १७. सन्दर्भाङ्कनमा सङ्क्षिप्त रूपको प्रयोग



सन्दर्भ सूचीमा संस्करणको लागि क्रमसूचक शब्दहरूको प्रयोग

नेपाली प्राज्ञिक लेखनका सन्दर्भ सूचीमा संस्करण सूचकका लागि 'दोस्रो', 'तेस्रो', 'चौथो' आदि क्रमाङ्क शब्दहरूको प्रयोग गर्नु उपयुक्त हुन्छ। तर पहिलो संस्करण भने उल्लेख गरिँदैन। दोस्रो, तेस्रो, चौथो आदि उल्लेख गरिन्छ जस्तैः

अधिकारी, केदारनाथ उपाध्याय (२०७१), *आयुर्वेद सार दर्पण* (ओमप्रकाश अधिकारी, सम्पा. पाँचौँ संस्क.), दुर्गा साहित्य भण्डार।

नेपाली प्राज्ञिक लेखनको सन्दर्भसूचीमा संस्करण जनाउँदा दोस्रो, तेस्रो, चौथो आदि क्रमवाचक शब्दहरू प्रयोग गर्नु उपयुक्त मानिन्छ। सङ्कलित उत्तरमध्ये केवल एक जना सहभागी मात्र यस प्रावधानमा असहमत देखिए (चित्र १८), जसले प्र. सं., दो. सं. जस्ता संक्षेप रूपहरू प्रयोग गर्नुपर्ने सुझाव दिएका थिए। अधिकांशले पूर्ण क्रमवाचक शब्दहरूको प्रयोगलाई प्राथमिकता दिएका छन्, तर लेखनमा छरितो पनका लागि संक्षेप रूप प्रयोग गर्नुपर्ने सुझावलाई पनि मनन गर्न सकिने देखिएको छ।

चित्र १८. *सन्दर्भ सूचीमा संस्करणको लागि क्रमसूचक शब्दहरूको प्रयोग*



नेपाली प्राज्ञिक लेखनमा अङ्ग्रेजी माध्यमका स्रोतहरूको सन्दर्भाङ्कन

नेपाली प्राज्ञिक लेखनमा अङ्ग्रेजी स्रोतको सन्दर्भाङ्कन गर्दा पाठ भित्रका र अन्त्यका सन्दर्भाङ्कन मिलाउन पाठभित्र सन्दर्भाङ्कन गरिएकै जसरी सन्दर्भ सूचीमा देवनागरी र रोमन दुवै लिपिमा (जस्तै, शर्मा/Sharma) लेखिन्छ। पाठ भित्रका सन्दर्भाङ्कनमा लेखक(हरू)का थरलाई देवनागरी

लिपिमा लेखिन्छ। यसले एपीएका मान्यताहरू र नेपाली पठनीयताबिच सन्तुलन राख्दै पाठभित्रका र अन्त्य सन्दर्भहरूबिच स्पष्ट मिलान सुनिश्चित गर्छ जस्तै,

पाठ भित्रको सन्दर्भाङ्कन: शर्मा (सन् २०२३) का अनुसार...

सन्दर्भ सूची:

शर्मा/Sharma, U. N. (2023). ***Home language use in Nepalese EFL classes: Lived experiences of teachers and students*** **[Doctoral dissertation, Tribhuvan University, Faculty of Education, Kirtipur, Kathmandu]. https://elibrary.tucl.edu.np/items/fbc7cf8a-ab2e-4b6c-9e45-c0d31aae7916**

चित्र १९. *नेपाली प्राज्ञिक लेखनमा अङ्ग्रेजी माध्यमका स्रोतहरूको सन्दर्भाङ्कन*



चित्र १९ मा प्रस्तुत नियमका असहमत प्रतिक्रियाहरूमा नामहरूलाई नेपालीमा लिप्यन्तरण गर्ने, एउटै लिपि कायम राख्ने, वा त्रिभुवन विश्वविद्यालयको द्विभाषिक अभ्यासलाई अनुसरण गर्ने सुझावहरू प्रस्तुत गरिएका थिए। एपीए सातौँ संस्करण (२०२०) अनुसार भने थर सधैँ रोमन लिपिमै लेखिन्छ, जसले अन्तर्राष्ट्रिय पठनीयता र एकरूपता सुनिश्चित गर्छ। यद्यपि, सहभागीहरूद्वारा उठाइएको व्यावहारिक सुझाव जस्तै सन्दर्भसूचीमा "शर्मा /Sharma" जस्तो द्विभाषिक रूप प्रयोग गर्ने र पाठभित्रको उद्धरण नेपाली लिपिमै लेख्ने [जस्तै: शर्मा (सन् २०२३) का अनुसार ...] एक यथार्थपरक र कार्यान्वयनयोग्य समाधानका रूपमा देखिएको छ। यस दृष्टिकोणले एपिए मान्यतासँग नेपाली प्राज्ञिक परम्पराको सन्तुलन कायम गर्दै अन्योल कम गर्ने र पठनीयता जोगाउने काम यसले गर्छ। त्यसैले नेपाली प्राज्ञिक लेखनमा अङ्ग्रेजी माध्यमका स्रोत सन्दर्भ गर्ने मार्गदर्शनलाई यसरी परिमार्जन गरिएको छ। यस्तो अवस्थामा गुगल स्कलरजस्ता खोज इन्जिन/डेटाबेसमा सम्बन्धित स्रोत खोज्दा अङ्ग्रेजीबाट मात्रै खोज्नुपर्ने हुन्छ।

नेपाली प्राज्ञिक लेखनमा हिन्दी माध्यमका स्रोतहरूको सन्दर्भाङ्कन

नेपाली प्राज्ञिक लेखनमा हिन्दी माध्यम र नेपाली माध्यमका स्रोत उद्धृत गर्ने नियमबिच कुनै फरक छैन। जस्तै,

पाठभित्रको सन्दर्भाङ्कन : ठाकुर (सन् २००५) का अध्ययनमा...

सन्दर्भ सूची :

ठाकुर, हरिनारायण (सन २००५), *दलित साहित्यका समाजशास्त्र*, भारतीय ज्ञानपिठ।

नेपाली प्राज्ञिक लेखनमा हिन्दी कृतिहरू सन्दर्भ गर्ने तरिकासम्बन्धी चित्र २० मा प्रस्तावित प्रावधानमा ५९ जना (९७%) ले सहमति जनाएका छन् भने केवल २ जना (३%) असहमत देखिए । उल्लिखित प्रस्तावित प्रावधानमा आएका आलोचनात्मक टिप्पणीहरूले मुख्यतः विरामचिन्हसम्बन्धी विषय विशेष गरी अन्त्यमा प्रयोग हुने पूर्णविराम (।) तर्फ ध्यानाकर्षण गरेका छन् । यो विषय नयाँ नभई अन्य सन्दर्भ प्रकारहरूमा पनि उठ्ने गरेका विषयहरू हुन् । हिन्दी र नेपाली स्रोतहरूको सन्दर्भ गर्ने नियम समान हुने भएकाले प्रस्तावित ढाँचा उपयुक्त नै हुने देखिन्छ ।

चित्र २०. *नेपाली प्राज्ञिक लेखनमा हिन्दी माध्यमका स्रोतहरूको सन्दर्भाङ्कन*



निष्कर्ष

प्रस्तुत अध्ययन नेपाली प्राज्ञिक लेखनको सन्दर्भ व्यवस्थापनका सरोकारवालाहरूबिच छलफलका आधारमा आधारभूत नियमहरूमा सहमति निर्माण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यस उद्देश्य प्राप्तिका लागि कृतिहरूको समीक्षा, सर्वेक्षण र समूह छलफल गरी तीन चरणीय क्रमिक अनुसन्धान ढाँचा अपनाइएको थियो । पहिलो चरणमा चारवटा विद्यावारिधि शोधप्रबन्धहरूको सन्दर्भ सूचीको अध्ययन र सम्बन्धित कृतिहरूको समीक्षाका आधारमा प्रारम्भिक निर्देशिका तयार पारिएको थियो । दोस्रो चरणमा ६१ जना सहभागी बिच सर्वेक्षण प्रश्नावलीमार्फत तथ्य सङ्कलन गरी उक्त मार्गनिर्देशिकालाई परिमार्जन गरिएको थियो । तेस्रो चरणमा २२ जना प्राध्यापक तथा शोधार्थीसँग समूह छलफल गरी निर्देशिकालाई अन्तिम रूप दिइएको थियो जुन निर्देशिकाका २० वटा बुँदाहरू सन्दर्भ व्यवस्थापनका आधारभूत नियमसँग सम्बन्धित थिए । यस प्रक्रियाबाट प्राप्त नतिजाहरूको समग्र विश्लेषणका आधारमा देहायका प्राज्ञिक निष्कर्षमा पुगिएको छ ।

प्रस्तावित सन्दर्भ व्यवस्थापन सम्बन्धी आधारभूत नियमहरूमा समूह छलफलका सहभागीहरूको पूर्ण सहमति रहेको थियो । यसले नेपाली प्राज्ञिक समुदायमा मानकीकृत सन्दर्भ व्यवस्थापन शैलीको आवश्यकता रहेको र सो आवश्यकता परिपूर्तिका लागि अग्रसर हुने तत्परता सो समुदायमा विद्यमान रहेको स्पष्ट हुन्छ । उल्लिखित तीन चरणका अनुसन्धान प्रक्रियामा गरिएको क्रमिक परिमार्जनले प्रत्येक चरणमा नियमहरूलाई थप परिष्कृत बनाउँदै लैजान सहज भएको छ । यसले अन्तिम निष्कर्षको विश्वसनीयता र स्वीकार्यतालाई सबल बनाएको छ । यस अध्ययनबाट सन्भर्भ स्रोतको सोचविचार पूर्ण छनोट, सन्दर्भका अङ्गहरू छुट्याउन अल्पविरामको प्रयोग, लेखकको पूरा नाम लेख्ने प्रचलन, सन्दर्भ प्रविष्टिको अन्त्यमा पूर्णविराम (।) को प्रयोग र बहुलेखकीय कृतिमा अर्धविराम (;) को प्रयोगजस्ता नियमहरू एपीए शैलीभन्दा केही भिन्न भए पनि नेपाली प्राज्ञिक लेखनमा यस्तो शैली स्थापित भइसकेको देखिएको छ । यिनलाई पनि प्रस्तुत आधारभूत नियममा समेटिएकाले नेपाली भाषाको आफ्नै मौलिक प्राज्ञिक पहिचान निर्माणको पक्षमा यस अध्ययनले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भन्ने स्पष्ट हुन्छ ।

अङ्ग्रेजी माध्यमका स्रोतहरूको सन्दर्भाङ्कनमा सन्दर्भ सूचीमा "शर्मा/Sharma" जस्तो द्विभाषिक रूप र पाठभित्र देवनागरी लिपिको प्रयोग गर्ने प्रस्तावले नेपाली प्राज्ञिक लेखनको बहुभाषिक यथार्थलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय पठनीयता र स्थानीय ग्राह्यताबिच व्यावहारिक समन्वय हुन पुगेको छ । यसलाई नेपाली प्राज्ञिक लेखन परम्पराको एक उल्लेखनीय मौलिक योगदान मान्न सकिन्छ ।

विरामचिन्हको प्रयोग र लेखकहरूको सङ्ख्याजस्ता विषयहरूमा सहभागीहरूबाट प्रस्तुत भएका फरक मतले यी क्षेत्रहरूमा अझै थप छलफल र स्पष्टीकरणको आवश्यकता रहेको देखिएको छ । विशेषगरी सन्दर्भ सूचीमा लेखकहरूको सङ्ख्यासम्बन्धी नियमको सर्वेक्षणमा सर्वाधिक असहमति (२३%) देखिनुले यो विषय नेपाली प्राज्ञिक लेखनमा थप बहस र मानकीकरण आवश्यक पर्ने क्षेत्रका रूपमा रहेको स्पष्ट छ ।

विद्यमान कृतिहरूको अध्ययन, सहभागी बिच सर्वेक्षण र समूह छलफल गरी तीन चरणका प्रयोगले अनुसन्धान विधिको दृष्टिबाट पनि यस अध्ययनबाट प्राप्त निष्कर्ष महत्त्वपूर्ण छ। कृतिहरूका अध्ययनबाट स्थिति बोध भयो र सर्वेक्षण प्रश्नावली निर्माण गर्ने आधार प्राप्त भयो, सर्वेक्षणबाट प्राप्त परिमाणात्मक तथ्यले नियमहरूको व्यापक स्वीकार्यताको मापन गऱ्यो । यसैगरी समूह छलफलले असहमतिका कारण र सुधारका दिशाहरू पहिचान गर्न सहयोग गऱ्यो। यस सहभागितामूलक प्रक्रियाले प्रस्तुत नियमको प्राज्ञिक वैधता र व्यावहारिक उपयोगिता दुवैलाई सुनिश्चित गरेको छ।

समग्रमा प्रस्तुत अध्ययनले नेपाली प्राज्ञिक लेखनका लागि एपिए शैली र नेपाली प्राज्ञिक लेखनमा स्थापित मौलिकतालाई समेटेर सन्दर्भ व्यवस्थापनको आधारभूत पक्षका व्यावहारिक नियमहरू प्रस्ताव गरेको छ। यी आधारभूत पक्षका नियमहरू नेपालका विश्वविद्यालयहरू, अनुसन्धान संस्थाहरू र प्राज्ञिक प्रकाशनहरूमा सन्दर्भ व्यवस्थापनका अभ्यासहरूमा एकरूपता कायम गर्ने काममा उपयोगी आधारसामग्री बन्न सक्दछन्। यद्यपि यी आधारभूत नियमहरूको व्यापक र दीर्घकालीन प्रभावकारिताका लागि यसको निरन्तर परीक्षण, परिमार्जन र संस्थागत स्वीकृति अनिवार्य रहनेछ।

अध्ययनका सीमा

यसमा सन्दर्भ व्यवस्थापनका आधारभूत पक्षसँग सम्बन्धित नियमहरूको प्रारम्भिक ढाँचा निर्माणका लागि प्रयोग गरिएका चारवटा विद्यावारिधि शोधप्रबन्धका साथै सर्वेक्षण तथा छलफलका सहभागी सबै त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायसँग मात्र सम्बन्धित भएकाले प्रस्तावित नियम अन्य विषयक्षेत्र वा विश्वविद्यालयहरूमा सामान्यीकरण गर्न नसकिनु यस अध्ययनको सीमितताभित्र पर्दछ।

कृतज्ञता ज्ञापन

यस लेखका पहिलो र दोस्रो लेखकलाई विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुरबाट प्रदत फ्याकल्टी अनुसन्धानका आधारमा तयार पारिएको हुनाले आयोगप्रति कृतज्ञता ज्ञापन गर्दछौँ।

सन्दर्भ सूची

अमेरिकन साइकोलजिकल एसोसिएसन/American Psychological Association. (2008). *History of APA*. https://www.apa.org/about/apa/archives/apa-history#:~:text=APA%20was%20founded%20in%20July,at%20the%20University%20of%20Pennsylvania.

अमेरिकन साइकोलजिकल एसोसिएसन/American Psychological Association. (2010). *Publication manual of the American Psychological Association* (6th ed.).

अमेरिकन साइकोलजिकल एसोसिएसन/American Psychological Association. (2020). *Publication manual of the American Psychological Association* (7th ed.). https://doi.org/10.1037/000016S-000

अमेरिकन साइकोलजिकल एसोसिएसन/American Psychological Association. (n.d.). *APA 7 - Professional sample paper - 2020*. https://owl.purdue.edu/owl/research_and_citation/apa_style/apa_formatting_and_style_guide/documents/APA%207%20-%20Professional%20Sample%20Paper%20-%202020.pdf

आचार्य, लक्ष्मीप्रसाद (२०८१), *नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर, काठमाडौँ।

घिमिरे, दिनेश (२०७६), *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्य पुस्तक* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर, काठमाडौँ।

घोडासैनी, खगेन्द्र (२०७९), एपिए सातौं संस्करणका प्रावधानहरू, *हैमप्रभा* (२१), ४२–५९। https://doi.org/10.3126/haimaprabha.v21i01.44839

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय/Tribhuvan University, Faculty of Education. (2020). *Guiselines for writing a master's thesis*.

पोखरेल, केशवराज (सन् २०२३), एपिए शैलीको परिचय र प्रयोग, *सोलुखुम्बु मल्टिपल क्याम्पस रिसर्च जर्नल,* ५(१), २७–४५।

पोखरेल, माधवप्रसाद (२०७९, भदौ ३०), *एपिए सातौं संस्करणको परिचय (अनुसन्धान परिचर्चा १)* [भिडिओ], युटुब। https://www.youtube.com/watch?v=CdFATx0f3Ow

रसेल र अन्य/Russell, T., Brizee, A., Angeli, E., & Keck, R. (2010). *MLA formatting and style guide*. The OWL at Purdue. https://whitcraftlearningsolutions.com/wp-content/uploads/2015/07/MLA-Formatting-and-Style-Guide.pdf

राई, रामकुमार (२०७९), *कक्षा नौ र दशका पाठ्यपुस्तकमा समावेशीता* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर, काठमाडौँ।

शर्मा र अन्य/Sharma, U. N., Karki, T. M., & Banjade, G. (2023). *Managing citations in academic writing using modified EndNote with reference to APA (Research-based information)*. Sunlight Publication.

शर्मा, विष्णुप्रसाद (२०८१), *नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, किर्तिपुर, काठमाडौँ।

श्रेष्ठ, दयाराम (२०७९), *साहित्यको अनुसन्धान व्यवस्थापन : अनुसन्धान दर्शन* (दोस्रो संस्क.), शिखा बुक्स।

हार्टले/Hartley, J. (2008). *Academic writing and publishing: A practical handbook*. Routledge. https://doi.org/10.4324/9780203927984